क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्षः २०, अङ्कः ९०, २०८२ भदौ २७ गते शुक्रबार (12 Sep., 2025) -मूल्यः रु. ५।-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक विक्री हुने पत्रिका

दैनिक

## उच्छृंखल गतिविधि भए खबर गर्न सेनाको आग्रह, यो हो हेल्पलाइन

नेपाली सेनाले उच्छृंखल गतिविधि भए खबर गर्न हेल्पलाइन नम्बर दिएको छ। देशका विभिन्न भागमा सार्वजनिक र निजी सम्पत्तिमाथि तोडफोड गर्नेहरूमाथि कारबाही गर्न सबै सुरक्षा निकाय र आन्दोलनरत समूहका साथ सेना अघि सरेको छ।

आफ्नो घर वरपर कुनै उच्छृंखल क्रियाकलाप भएमा तत्काल खबर गर्न सेनाले अनुरोध गरेको छ। जसका लागि नेपाली सेनाको हेल्पलाइन नम्बर ०१-५९७९००० नम्बर दिएको छ।

# कञ्चनपुरमा २७ कार्यालय, १२ घर र १६ सवारीसाधनमा आगजनी

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २६ भदौ**

'जेनजी' आन्दोलनका क्रममा २७ वटा सरकारी कार्यालय, पाँच वटा राजनीतिक दलका कार्यालय, १२ जना नेता तथा जनप्रतिनिधिका निजी निवास, चारवटा व्यापारिक केन्द्र र १६ वटा सवारीसाधनमा तोडफोड तथा आगजनी गरिएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सागर बोहराका अनुसार सरकारी कार्यालयमध्ये जिल्ला प्रशासन कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गेट, कञ्चनपुर कारागार, इलाका प्रहरी कार्यालय त्रिभुवनबस्ती र गुलरियाको गेट, सरकारी वकिल कार्यालय, शुक्लाफाँटा नगरपालिका र वडा नं १ देखि १२ सम्मका कार्यालय, पुनर्वास र कृष्णपुर नगरपालिकाका कार्यालय, भीमदत्त नगरपालिका कार्यालयको गेट तथा बेलडाँडी गाउँपालिका कार्यालयमा तोडफोड र आगजनी गरी भौतिक संरचना, कागजपत्र, फर्निचर र अन्य सामग्रीमा करोडौँको नोक्सानी पुर्याइएको छ।

भीमदत्त र दोधाराचाँदनी नगरपालिकामा रहेका नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाली कांग्रेसका गरी पाँचवटा पार्टी कार्यालयमा समेत आगजनी र तोडफोड गरिएको छ।

त्यसैगरी, निवर्तमानगृहमन्त्री रमेश लेखक, पूर्वमुख्यमन्त्री राजेन्द्र रावल, पूर्वमन्त्री प्रकाश रावल, भीमदत्त नगरपालिकाका प्रमुख पदम बोगटी, उपप्रमुख निलम लेखक, पूर्वसांसद निरुदेवी पाल, प्रदेशसभा सदस्य मधु भारती, वेदकोट



नगरपालिकाका प्रमुख भोजराज बोहरा, भीमदत्तका पूर्वनगरप्रमुख सुरेन्द्र विष्ट, जिसस प्रमुख दुर्गादत्त बोहरा, कर्णाली प्रदेश प्रमुख यज्ञराज जोशी र कृष्णपुर नगरपालिकाका प्रमुख हेमराज ओझालगायतका घरमा समेत आगजनी र तोडफोड भएको छ।

व्यापारिक क्षेत्रमा होटल ओपेरा, सीएमजी क्यासिनो, विपीन पुस्तक पसल, रोयल सिलाइ सेन्टर र डायमन्ड क्यासिनोमा तोडफोड, आगजनी र लुटपाट भएको प्रहरीले जनाएको छ।

आन्दोलनका क्रममा पुनर्वास नगरपालिकाका प्रमुख र प्रशासकीय प्रमुख चढ्ने गाडीसहित १६ वटा सवारीसाधनमा पनि तोडफोड र आगजनी भएको छ। तीमध्ये शववाहन, दमकल, मोटरसाइकल, स्कुटर, ट्याक्टर र रोलर छन्। प्रहरीका अनुसार जिल्लाभर भएका तोडफोड र आगजनीका घटनामा ठूलो मात्रामा सरकारी तथा निजी सम्पत्ति नोक्सानी भएको छ। कारागारबाट भागेकामध्ये एक सय २४ कैदीबन्दी फिर्ता जेनजी आन्दोलनका क्रममा कञ्चनपुर कारागारबाट फरार भएकामध्ये हालसम्म एक सय २४ जना कैदीबन्दी फिर्ता भएका छन्।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सागर बोहराका अनुसार कारागारमा रहेका चार सय ७९ कैदीबन्दीमध्ये आजमात्र एक सय तीन जनालाई कारागार फिर्ता गरिएको छ।

"केहीलाई नियन्त्रणमा लिएर कारागारमा बुझायौँ, बुझाउँदैछौँ", उनले भने, "केही आफैँ कारागारको सम्पर्कमा पुगेका हुन्।" उहाँका अनुसार २१ जना कैदीबन्दी कारागारबाट भागेका थिएनन्। अझै तीन सय ५५ कैदीबन्दी फरार छन्।

कारागारमा चार सय ५३ पुरुष र २६ महिला गरी चार सय ७९ कैदीबन्दी थिए। जसमा सबैभन्दा बढी एक सय ६९ जना लागुऔषधसम्बन्धी मुद्दाका थिए।

## शीतल निवास वार्ता

# सुशीला कार्कीलाई सरकार प्रमुख बनाउने मध्यरातमा सहमति

**-पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, २६ भदौ**

शीतल निवासमा जारी छलफलमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको नेतृत्व दिने सहमति बनेको छ।

बिहिबार राष्ट्रपति रामचन्द्र पौडेलको आह्वानमा शितल निवासमा जारी बैठकमा सुशीला कार्कीलाई अन्तरिम सरकारको नेतृत्व हस्तान्तरण गर्ने सहमति भएको हो।

यसअघि जेन-जी समूहकोतर्फबाट पनि कार्कीको नाम सिफारिस गरिएको थियो। छलफलमा राष्ट्रपति पौडेल, प्रधानसेनापति अशोकराज सिग्देल, सुशीला कार्की, कानुनविद् ओमप्रकाश अर्याल लगायत सहभागी रहेका छन्।

वार्तामा संसद् विघटनको विषयमा मतभेद देखिए पनि संविधानअनुसार कसरी अघि बढ्ने भन्नेबारेमा चर्चा भएको बुझिएको छ। जेनजी र बालेनका तर्फबाट संसद विघटनको बटमलाइन प्रस्तुत भए पनि त्यसमा कुरा मिलेको छैन।

स्रोतका अनुसार राष्ट्रपति पौडेलले कुनै हालतमा संसद विघटन नगर्ने अडान लिएका छन्। कांग्रेस र एमालेको पनि लाइन यही छ।

जेनजी र बालेनको तर्फबाट ओमप्रकाश अर्यालले संसद तत्काल विघटन गरी नयाँ निर्वाचन गर्ने प्रस्ताव राखेका थिए। त्यसलाई राष्ट्रपतिले अस्वीकार गरेको स्रोतको भनाइ छ। सभामुख देवराज घिमिरे पनि संसद विघटन नगर्ने पक्षमा छन्। अर्यालले भने संविधान संसोधन गरी प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था राख्नसमेत माग गरे। कांग्रेस र एमाले यसमा तयार छैनन्। माओवादी अध्यक्ष प्रचण्डले भने जेनजीका सबै माग स्वीकार गरेको बुझिएको छ।

सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउनेमा सहमति जुटे पनि कुन विधिबाट भन्ने प्रष्ट भएको छैन।

## अन्तरिम सरकार गठन : कानुनी गाँठो फुकाउन बिहान ९ बजे पुनः बैठक बस्दै

**-पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, २६ भदौ**

शीतल निवासमा अन्तरिम सरकार गठन गर्न बिहीबारदेखि बसेको बैठकले निष्कर्ष निकाल्न नसकेपछि आज बिहान ९ बजे पुनः बैठक बस्ने तयारी गरिएको छ।

अन्तरिम सरकारको नेतृत्व पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई दिने विषयमा ठुला दल र राष्ट्रपतिबिच सहमति भए पनि संविधानले तोकेको प्रक्रिया ठुलो चुनौती बनेको छ।

राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानसेनापति अशोकराज सिग्देल, पूर्वप्रधानन्यायाधीश कार्की, कानुनविद् ओमप्रकाश अर्याल लगायत सहभागी भएको छलफल आज बिहान ३ बजेसम्म चलेको थियो। तर कार्कीलाई सरकार प्रमुखमा कसरी नियुक्त गर्ने भन्ने विषयमा अन्तिम निष्कर्ष नआएपछि बैठकलाई बिहान ९ बजेसम्मका लागि सारिएको हो।

बैठकको मुख्य एजेन्डा कार्कीलाई अन्तरिम सरकारको नेतृत्व कसरी दिने भन्ने विषय थियो। तर संविधानअनुसार प्रधानमन्त्री प्रतिनिधिसभा सदस्य हुनुपर्ने प्रावधानका कारण वार्ता सहमतिमा पुग्न नसकेको हो।

यसबिच, जेनजी आन्दोलनका युवाहरूले संसद् विघटनलाई मुद्दा बनाएपछि दबाब बढेको छ। राष्ट्रपति पौडेलले यसअघि बिहीबार नै संविधानको धारा ६१ (४) अन्तर्गत रहेको 'बाधा अड्काउ फुकाऊ' प्रावधान प्रयोग गर्न सकिने नसक्ने विषयमा संविधानविद् भीमार्जुन आचार्य, विपिन अधिकारीलगायतसँग छलफल पनि गरेका थिए।

## छातीमै गोलीले जेनजी आन्दोलनमा ढले कञ्चनपुरका युवा पन्त

**-पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, २६ भदौ**

जेनजी युवा विद्यार्थी आन्दोलनमा कञ्चनपुर घर भएका एक युवाको काठमाण्डौँमा मृत्यु भएको छ। भीमदत्त नगरपालिका-१० गड्डाचौकीका युवा निरज पन्तको काठमाण्डौँमा मृत्यु भएको हो। मंगलबार जेनजीसंगको आन्दोलनमा प्रहरीको गोली लागेर घाईते भएका पन्तको मृत्यु भएको परिवारजनले जनाएको छ।

मृतक पन्तकी दिदी चाँदनी पन्तले भिडदेखेर साथीथाईहरुसंगै के भईरहेको छ, हेर्नका लागि त्यहाँ गएका बेला प्रहरीले छातीमै ताकेर गोली हानेर मारिदिएको बताईन। 'भाईसंगै बजार निस्किएका अरु फर्किएका रहेछन, 'उनी फर्किएन, नजिकै पुगेको प्रहरीले छातीमै गोली प्रहार गरेको रहेछ।' गोली लागेर सडकमै ढलेका पन्तलाई उनकै साथीभाईहरुले मेट्रो अस्पताल लगेको बताईन। 'भाई २४ भदौँमा घर नआएपछि हामीले सबै अस्पतालमा खोजी गर्दै जाँदा भाई मृत अस्पतालमै भेटिए, 'उनले भनिन, 'आन्दोलनमा सहभागि नभएका मान्छेमाथि सरकारले ठाँउको ठाँउ छातीमा गोली ठोकेर मारिदियो, यो भन्दा अरु के हुनसक्छ।' झण्डै २०/२५ बर्षदेखि काठमाण्डौँको महाराजगन्जमा आयुर्वोद औषधी व्यवसाय गर्दै आएका थिए।

दुई भाई दुई दिदिका जेठा भाई निरज जेनजी आन्दोलनमा गुमेपछि पन्तको घर परिवार शोकमा डुबेका छन। सीमा क्षेत्र गड्डाचौकीमा स्थानीय समेत रहेका पन्तको देहान्तसगै आफन्त, गाँउले ईष्टमित्र समेत शोकमा डुबेका छन। पन्तसंगै कञ्चनपुरका अन्य युवाहरु पनि घाईते भएको जनाईएको छ।

## रास्वपा कञ्चनपुर सभापति विष्ट त्यागे पार्टी

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २६ भदौ**

राष्ट्रिय स्वतन्त्र पाटी कञ्चनपुरका पाटी सभापति पदम विष्टले पाटी परित्याग गरेका छन। रास्वपा कञ्चनपुरका संस्थापक सभापति (प्रमुख) विष्टले पाटी परित्याग गरेका हुन। तीन बर्षदेखि रास्वपा जिल्लाको प्रमुख जिम्मेबारीमा रहेका विष्टले पाटीको साधारण सदस्य समेत नरहने गरेर पाटी परित्याग घोषणा गरेका छन।

बिहीबार एक प्रेस विज्ञप्ती जारी गर्दै सभापति विष्टले आजैका मितिदेखि लागु हुने गरेर पार्टी परित्याग गरेको घोषणा गरेका हुन। १५ साउन ०७९ महेन्द्रनगरमा पाटी सभापति रवि लामिछानेकै उपस्थितिमा रास्वपा कञ्चनपुरको पहिलो जिल्ला भेलाबाट विष्टलाई सभापति बनाईएको थियो। त्यसपछि गत बर्ष ११ पुष ०८१ बेलौरीमा सम्पन्न भएको प्रथम जिल्ला अधिवेशनबाट विष्ट नै सभापतिमा दोहोरिएका थिए। सहकारी काण्डमा काँग्रेस, एमाले नेतृत्वको सरकारले २ कार्तिक ०८१ देखि पाटी सभापति लामिछानेलाई पक्राउ गर्दै विभिन्न जिल्लाहरुमा मुद्दा चलाएपछि जिल्लामा हस्ताक्षर अभियान संचालन गरेका विष्टले जेनजी आन्दोलनपछि पाटी परित्याग गरेको घटनाले राजनीतिक बृतमा महत्व राखेको छ।

०४६ सालदेखि राजनीतिकमा जोडिएका विष्ट दुई दशक बैदेशिक रोजगारीबाट स्वदेश फर्किएका थिए। 'म यो निष्कर्षमा पुगेको छु कि, भ्रष्टाचार, डण्डहीनता र वैमनस्यताको जरा हामी आफैमा छन्, 'विज्ञप्तीमा भनिएको छ, 'त्यसैले सबैले आफूलाई भित्रैबाट सुधार्न सुरु गरे भने समाज आफै सुधारिन्छ।'

## संविधानबाटै राजनीतिक निकास खोज्न कञ्चनपुरका विद्यार्थी संगठनको आग्रह

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २६ भदौ**

कञ्चनपुरका चार विद्यार्थी संगठनले सविधानबाटै राजनीतिक निकास खोज्न आग्रह गरेका छन। जेनजी आन्दोलन पश्चात देशमा उत्पन्न परिस्थितिको अवस्थामा चार विद्यार्थी संगठनले सविधानबाटै राजनीतिक निकास खोज्न आग्रह गरेका हुन।

बिहीबार नेवि संघ केन्द्रीय सदस्य सन्जय अधिकारी, अनेरास्ववियु संयोजक विक्रम थापा, अखिल क्रान्तिकारी केन्द्रीय सदस्य डम्बर कुँवर र अनेरास्ववियू स्थायी कमिटि सदस्य रमेश पन्तद्वारा संयुक्त रुपमा हस्ताक्षरित गरिएको प्रेस विज्ञप्तीमा कुनै पनि नयाँ परिर्वतन अग्रसर हुँदै गर्दा ठुलो बलिदानी, मार्फत प्राप्त लोकतान्त्रिक गणतन्त्रका आधारभूत मुल्य मान्यतालाई कमजोर नबनाई व्यवस्थापन गर्दै संविधानबाटै निकास खोज्ने अपिल गरेका छन। विद्यार्थी सगठनले मुलुकको विषम परिस्थितिमा सम्पर्ण देशभक्त युवाहरुलाई संयमित सजक भई लोकतान्त्रिक गणतन्त्र, राष्ट्रियता, स्वाधिनता र सार्वभौमसत्ताको रक्षाका निमित्त दृढ भएर क्रियाशिल रहन अपिल गरिएको छ।

## आरक्षपीडितद्वारा कृष्णपुरमा जमिन कब्जा

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २६ भदौ**

कञ्चनपुरका केही आरक्षपीडितले कृष्णपुर नगरपालिकामा जमिन कब्जा गरेका छन। जेनजी आन्दोलनपछि जिल्लामा विषम परिस्थितिसंगै आरक्षपीडितले कृष्णपुर नगरपालिकामा जमिन कब्जा गरेका हुन। आरक्षपीडितका नेता जय बहादुर रोकायाले पीडितले आफ्नै जमिनमा पुन बसेको दावि गरेका छन। डिभिजन वन कार्यालय कञ्चनपुरका निमित्त प्रमुख विषेश्वर प्रशाद जोशीले उक्त विषयमा वन कार्यालयमा जानकारी आएको र अध्ययन भईरहेको बताए।

## के तपाईलाई थाहा छ ?

-हुलाकले चिठीपत्र मात्र होइन, समान पनि बोक्छ नि। -तपाईको २० केजीसम्मको समान देशभरि जुनसुकै जिल्लामा पठाउन सकिन्छ। -पठाएको समान वा चिठी पत्र कहाँ पुग्यो भनेर आफ्नै मोबाइलबाट tracking गर्न सकिन्छ। -साथै विश्वका सम्पूर्ण देशहरुबाट समान (Parcle) नेपालमा प्राप्त गर्न सकिने र नेपालबाट ७१ देशका ९३ गन्तव्यमा पठाउन सकिने।

जिल्ला हुलाक कार्यालय कञ्चनपुर

# संविधानसम्मत कसरी निस्किएला निकास ?



**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, २६ भदौ**

संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न बनेको 'नेपालको संविधान, २०७२' संशोधनको विषयले अहिले चर्चा पाएको छ । भदौ २३ गते भ्रष्टाचार, बेथिति र सामाजिक सञ्जालमा सरकारले लगाएको प्रतिबन्धविरुद्ध जेनजी युवाहरूले गरेको विद्रोहका कारण केपी ओली नेतृत्वको सरकार ढल्यो ।

२०७९ सालमा जननिर्वाचित झण्डै दुई तिहाइको ओली सरकार ढलेसँगै अहिले नेपाली सेनाको मध्यस्थतामा अन्तरिम सरकार गठन प्रक्रिया अगाडि बढेको छ । आन्दोलनरत जेनजी प्रतिनिधिहरूले अन्तरिम सरकार गठनका लागि संसद विघटन सर्त राखेका छन् । जेनजीको आन्दोलनलाई नैतिक समर्थन गरेका काठमाडौँ महानगरपालिकाका मेयर बालेन शाहले अन्तरिम सरकार गठन गर्नुपूर्व संसद् विघटन गर्नुपर्ने सर्त राखेका छन् ।

संविधान बमोजिम सरकार गठन गर्ने कि बाहिरबाट सरकार गठन गर्ने विषयमा जेनजी समूहले आधिकारिक धारणा सार्वजनिक गरिसकेको छैन ।

राष्ट्रपति रामचन्द्र पौडेलले देशको अहिलेको विषम परिस्थितिमा मुलुकलाई संवैधानिक दायरामा रहेर निकास दिने प्रयास भइरहेको बताएका छन् ।

बिहीबार विज्ञप्ति जारी गर्दै पौडेलले भनेका छन्, 'देशको अहिलेको विषम परिस्थितिमा मुलुकलाई संवैधानिक दायरामा रहेर कसरी निकास दिन सकिन्छ र मुलुकमा लोकतन्त्रको संरक्षण तथा शान्ति सुव्यवस्था कसरी कायम गर्न सकिन्छ भनेर म विचार विमर्श एवं हर प्रयास गर्दैछु ।'

आन्दोलनकारी नागरिकहरुको माग सम्बोधन गर्न छिटो भन्दा छिटो समस्याको निदानको खोजी भइरहेको कुरामा विश्वस्त हुन र संयमतापूर्वक मुलुकमा शान्ति सुव्यवस्था कायम गर्ने काममा सहयोग गर्न सबै पक्षलाई उनले अपिल गरेका छन् ।

यता लोकतान्त्रिक गणतन्त्रको संविधान बनाउन भूमिका खेलेका प्रमुख राजनीतिक दलहरूले अहिलेकै संविधानबाट समस्याको निकास खोज्नुपर्ने बताएका छन् । राजनीतिक दलका शीर्ष नेताहरू सेनाकै सुरक्षा घेरामा रहेकाले कोही पनि खुला छलफलमा आएका छैनन् । सामाजिक सञ्जालमार्फत उनीहरूले नयाँ परिस्थितिमा जेनजीको भावनालाई समेत समेटेर अहिलेको संविधानभित्रबाट नै निकास खोज्नुपर्ने मत राखेका छन् ।

तर नेपाली सेनाले अन्तरिम सरकार गठन प्रक्रिया सम्बन्धमा चरणबद्ध छलफल भइरहेको जानकारी दिएको छ । सेनाका प्रवक्ता तथा सहायकरथी राजाराम बस्नेतले चरणबद्ध छलफल भइरहेको बताए । यद्यपि सरकार गठन, संविधान संशोधन लगायत अन्य प्रक्रियाबारे आधिकारिक रुपमा केही जानकारी दिएका छैनन् ।

प्रधानमन्त्रीले राजीनामा दिएपनि जननिर्वाचित प्रतिनिधिसभा र राष्ट्रपति कायमै रहेकाले अन्तरिम सरकार गठन प्रक्रियामा संवैधानिक र कानुनी बाधा देखिन्छ । अहिलेको संविधानले प्रतिनिधिसभा सदस्य नभएको व्यक्ति प्रधानमन्त्री बन्न सक्ने परिकल्पना गरेको छैन ।

संविधान बाहिरबाट प्रधानमन्त्री वा मन्त्रिपरिषद् अध्यक्ष चयन गर्दा मुलुक झन् अप्ठ्यारोमा पुग्न सक्नेतर्फ वरिष्ठ अधिवक्ता एवं संविधानविद् डा. भीमार्जुन आचार्यले सचेत गराएका छन् । आन्दोलनरत र राजनीतिक दलहरु दुवै पक्षलाई मान्य हुनेगरी राष्ट्रपतिले अधिकार प्रयोग गर्न सक्ने उनी बताउँछन् ।

'मेरो विचारमा जेनजी र राजनीतिक दलहरू सबैलाई मान्य हुनेगरी संविधानको भावना नमर्ने गरी अन्तरिम सरकार बनाउनुपर्छ । राष्ट्रपतिले अहिलेको विषम परिस्थितिलाई सम्बोधन गरेर घोषणापत्र जारी गर्न सक्छ । राष्ट्रपतिसँग त्यो विशेष अधिकार छ । राष्ट्रपतिका थुप्रै अधिकार हुन्छन् । केही लिखित हुन्छन्, केही अलिखित हुन्छन्,' रातोपाटीसँग उनले भने ।

नेपालमा पहिलो संविधान बनेको ७८ वर्ष भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भएको आगामी असोज ३ गते १० वर्ष पूरा हुँदैछ ।

संविधान दिवसको पूर्वासन्ध्यामा निर्वाचित सरकार ढलेको तर प्रतिनिधिसभा कायमै रहेको अवस्था छ । संविधानअनुसार जाँदा राष्ट्रपतिले धारा ७६(२) बमोजिम प्रधानमन्त्री नियुक्तिका लागि आह्वान गर्नुपर्ने हुन्थ्यो ।

विशेष परिस्थिति भएकाले संविधान रोज्ने कि संसद् विघटन गर्ने भन्नेमा राजनीतिक दलहरुले ख्याल गर्नुपर्ने विषय भएको संविधानविद् आचार्य बताउँछन् । गत वर्ष नेपाली कांग्रेस र नेकपा (एमाले)को गठबन्धन सरकार गठनअघि ७ बुँदे सहमतिमा पनि संविधान संशोधनको विषय राखिएको थियो ।

यस अवधिमा ७ वटा संविधान जारी भए । राणाकाल, पञ्चायतकाल, बहुदलीय व्यवस्था र गणतान्त्रिक व्यवस्थामा समेत गरी ४ वटा शासन व्यवस्थामा ५ वटा संविधान जारी भए । बाँकी दुईवटा संविधान संक्रमणकालको व्यवस्थापन गर्न जारी गरिए । पाँचवटा संविधान संशोधन नभई खारेज भएको देखिन्छ । यसो हुनुमा नेताहरुको अदूरदर्शी प्रमुख कारण भएको आचार्य बताउँछन् ।

'नेताहरुको अदूरदर्शिता संविधान खारेजको प्रमुख कारण हुन् । देशको भूराजनीतिले पनि प्रभाव पारेको देखिन्छ । संविधानलाई जतिपटक चेन्ज गर्‍यो, उति अस्थिरता हुन्छ । जापानको कुरा गर्दा अहिलेसम्म संविधान परिवर्तन भएको छैन । समय र पछिल्लो पुस्ताको भावनालाई समेट्ने गरी संशोधन गर्नु राम्रै हुन्छ,' उनी भन्छन् ।

## संविधान निर्माणको इतिहास

### नेपाल सरकारको वैधानिक कानुन, २००४

जहानियाँ राणा शासनको अन्त्यतिर तत्कालीन राणा प्रधानमन्त्री पद्म शमशेरले राणा शासनप्रति जनताको बढ्दो आक्रोश शान्त पार्ने उद्देश्यले वि.सं. २००४ सालमा 'नेपाल सरकारको वैधानिक कानुन, २००४' घोषणा भएको थियो ।

यो संविधान नै नेपालको पहिलो वैधानिक संविधान हो । तर लागु भएन । अन्ततः २००७ सालमा राणा शासन नै ढल्यो । रोचक कुरा यो संविधान बनाउन ६ जना मस्यौदाकारमध्ये तीन जना भारतीय थिए । प्रकाश गुप्ता, रघुनाथ र डा. रामउग्र सिंह भारतीय थिए । कृष्ण शमशेर, गुञ्जमान सिंह र रुद्रराज नेपाली थिए ।

### नेपालको अन्तरिम शासन विधान, २००७

प्रजातन्त्र आएपछि तत्कालीन राजा त्रिभुवनले २००७ साल चैत २९ गते 'नेपालको अन्तरिम शासन संविधान, २००७' घोषणा गरे । राजा र प्रजाको संयुक्त प्रयासबाट १०४ वर्षे राणाशासन ढलेपछि संविधान बनाए । सुरुमा यसलाई 'आन्तरिक शासन विधान, २००७' भनिएपनि पछि संशोधन गरी 'आन्तरिक शासन विधान, २००७' भिन संशोधन गरियो ।

### नेपाल अधिराज्यको संविधान, २०१५

२०१५ सालको आमनिर्वाचनपछि फागुन १ गते तत्कालीन राजा महेन्द्रले नेपाल अधिराज्यको संविधान, २०१५ जारी गरेका थिए । यही संविधान बमोजिम संसदीय निर्वाचन भई विश्वेश्वरप्रसाद कोइराला देशका प्रथम जननिर्वाचित प्रधानमन्त्री भए । यो संविधानको मस्यौदाकार संयोजक भगवतीप्रसाद सिंह रहेका थिए ।

सूर्यप्रसाद उपाध्याय, रणधीर सुब्बा, रामराज पन्त र होराप्रसाद जोशी सदस्य सचिव थिए । मस्यौदा समितिमा विदेशी सल्लाहकार सर आइभर जेनिङ्स (बेलायत)का थिए । तर राजा महेन्द्रले जननिर्वाचित प्रधानमन्त्रीलाई पदच्युत गरी २०१७ सालबाट निर्दलीय शासनको सुरुवात गरे ।

### नेपालको संविधान, २०१९

राजा महेन्द्रले २०१९ साल पुस २२ गते 'नेपालको संविधान, २०१९' जारी गरे । सार्वभौमसत्ता र कार्यकारिणी अधिकार दुवै राजामा निहित गरिएको यो संविधानले एकतन्त्रीय पञ्चायती व्यवस्था र सक्रिय राजतन्त्रको व्यवस्था गर्‍यो । २७ वर्ष चलेको यो संविधान नेपालको इतिहासमा हालसम्मको लामो हो । संविधान बनाउन ६ जना मस्यौदाकार थिए ।

समा ऋषिकेश शाह अध्यक्ष, शम्भुप्रसाद ज्ञवाली, प्रकाशबहादुर खत्री क्षेत्री, अंगुरबाबा जोशी, डम्बर नारायण यादव र कुलशेखर शर्मा सदस्य थिए । २०२३ र २०३१ मा गरी दुईपटक संविधान संशोधन गर्‍यो ।

### नेपाल अधिराज्यको संविधान, २०४७

२०४६ सालको प्रजातान्त्रिक जनआन्दोलनबाट ३० वर्षे पञ्चायती व्यवस्था ढाल्यो । २०४७ वैशाख ६ गते कांग्रेसका कार्यबाहक सभापति कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम मन्त्रिपरिषद् गठन भएको थियो ।

तत्कालीन राजा वीरेन्द्रले २०४७ साल कात्तिक २३ मा नेपाल अधिराज्यको संविधान, २०४७ जारी गरे । संविधान मस्यौदाकार अध्यक्षमा तत्कालीन प्रधानन्यायाधीश विश्वनाथ उपाध्याय अध्यक्ष बने । कांग्रेसबाट दमननाथ ढुंगाना, मुकुन्द रेग्मी, लक्ष्मण अर्याल सहभागी थिए । वाममोर्चाबाट माधवकुमार नेपाल, भरतमोहन अधिकारी र निर्मल लामा सहभागी थिए । कानुनविद् प्रद्युम्नलाल राजभण्डारी र रामानन्दप्रसाद सिंह थिए । सदस्य सचिव सूर्यनाथ उपाध्याय थिए ।

### नेपालको अन्तरिम संविधान, २०६३

२३८ वर्ष लामो राजतन्त्रको अन्त्य गर्दै २०६३ साल माघ १ गते नेपालको अन्तरिम संविधान २०६३ जारी भयो । लोकतान्त्रिक शासन, प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका र कानुनी राज्यव्यवस्था यस संविधानका मुख्य विशेषता थिए ।

यही संविधानमा टेकेर तत्कालीन विद्रोही नेकपा माओवादी अन्तरिम संसद् र सरकारमा सहभागी भएको थियो । यसको मस्यौदाकारमा संयोजक लक्ष्मणप्रसाद अर्याल, हरिहर दाहाल, सिन्धुनाथ प्याकुरेल, शम्भु थापा, महादेव यादव र खिमलाल देवकोटा सदस्य थिए ।

### नेपालको संविधान, २०७२

संविधानसभाले २०७२ साल असोज ३ मा नेपालको संविधान २०७२ जारी गरेको थियो । मौलिक हकको व्यवस्था गरिएको यो संविधानमा तीन तहको राज्य संरचना तोकिएको छ । यो संविधानमा ३५ भाग, ३०८ धारा र ९ अनुसूची छन् ।

## अन्तरिम सरकार गठनप्रति दलका नेताहरु के भन्छन् ?

पूर्वप्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले संविधानमा कयौँ कमजोरीका बाबजुद सामाजिक न्याय प्रत्याभूति, समावेशिताको सवालमा नेपाली जनताका प्रतिनिधिहरूले बनाएको निर्माण गरेको वर्तमान संविधान तुलनात्मक रुपमा उत्कृष्ट संविधान भएको निष्कर्ष निकालेका छन् ।

मुलुकको पछिल्लो राजनीतिक अवस्थापछि बिहीबार विज्ञप्ति जारी गर्दै उनले संक्रमणकालीन अवस्थाको निकास संविधानसम्मत तरिकाबाट हुनुपर्ने अडान लिएका छन् ।

'कैयन्, कमजोरीका बाबजुद सामाजिक न्याय प्रत्याभूत गर्ने, समावेशिताको सवालमा नेपाली जनताको जनप्रतिनिधिहरूले निर्माण गरेको अहिलेको संविधान तुलनात्मक रुपमा उत्कृष्ट संविधान हो । त्यसैले अहिलेको संक्रमणकालीन निकास समेत संविधानसम्मत् तरिकाले हुनुपर्छ ।'

नेकपा (एमाले)का महासचिव शंकर पोखरेलले पनि राजनीतिक निकास संविधानसम्मत् र लोकतान्त्रिक विधिबाट खोजिनुपर्ने बताएका छन् । बुधबार सामाजिक सञ्जाल फेसबुकमार्फत् उनले भनेका छन्, 'प्रधानमन्त्रीको राजीनामापछिको राजनीतिक निकास संविधानसम्मत् र लोकतान्त्रिक विधिबाट खोजिनुपर्छ ।

सार्थक संवाद सुरु गर्न एवं परिणाममुखी संवादकै माध्यमबाट सुशासन, सहज सेवा प्रवाह र तीव्र विकासको आकाङ्क्षा लगायतका युवापुस्ताका मागलाई संविधानसम्मत रुपमा सम्बोधन गर्न आवश्यक पहलका लागि सम्माननीय राष्ट्रपतिज्यूलाई ध्यानाकर्षण गराउँछौं ।'

नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले जेनजी पुस्ताको भावना बमोजिम आवश्यकताको सिद्धान्त बमोजिम निष्कर्षमा पुऱ्याउन आग्रह गरेका छन् ।

विज्ञप्तिमार्फत् उनीहरूले भनेका छन्, 'आवश्यकताको सिद्धान्त बमोजिम हुने निर्णयलाई पनि संविधान बमोजिम वैधानिक बाटोबाट नै अगाडिको यात्रा तय गर्न सकिन्छ र गर्नुपर्छ भन्ने कुराको स्मरण गराउन चाहान्छौं ।

विधिविहीनताले थप अराजकता निम्त्याउँछ, त्यसैले वार्ताका क्रममा राष्ट्रपतिज्यू र जेनजी पक्षलाई हामी आग्रह गर्छौं- अब देश चलाउन र निर्वाचन गर्न नयाँ राजनीतिक संरचना बनाउँदा देशमा लामो संवैधानिक रिक्तता र शून्यता आउन नदिन हरसम्भव वैधानिक उपाय अपनाइयोस्, संविधान र लोकतान्त्रिक बाटोबाट नै समाधान खोज्दै यो बेथितिको अन्त्यको मार्गचित्र तय गरियोस् । त्यसमा हाम्रो समर्थन रहनेछ ।'

पूर्वप्रधानमन्त्री तथा नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का अध्यक्ष डा. बाबुराम भट्टराईले आन्दोलनमा उठेका मागहरूको सम्बोधन गर्न अहिलेकै संविधानमा टेकेर गर्नुपर्ने बताएका छन् ।

भट्टराईले लेखेका छन्, 'अहिले तत्कालको सबभन्दा जरुरी विषय आन्दोलनमा उठेका मागहरूको सम्बोधन र छिटो नयाँ आमचुनावको निम्ति आन्दोलनकारीहरू समेतको सिफारिस र सहभागितामा अन्तरिम सरकारको गठन हो । यो कुरा विद्यमान संविधानमा टेकेर नै गर्नुपर्छ । अन्यथा ठुलो अनिष्ट हुनसक्छ ।'

नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष प्रकाश ज्वालाले संवैधानिक प्रक्रियाबाट जेनजी आन्दोलनकारीहरू सम्मिलित सर्वपक्षीय सरकार गठन गर्नुपर्ने बताएका छन् ।

'संसदीय प्रक्रिया सुचारू र विधिको शासन कायम गरेर संवैधानिक राजनैतिक शून्यता अन्त र संवैधानिक प्रक्रियाबाट जेनजी आन्दोलनकारीहरू सम्मिलित सर्वपक्षीय सरकार गठन गर्ने,' सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन् ।

जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले संविधान संशोधन आवश्यक भएपनि निर्वाचनअघि संविधान खारेज गर्ने वा संसद् भंग गर्ने कदम राष्ट्रकै अस्तित्वमाथि प्रहार हुने उल्लेख गरेका छन् ।

'दशकौंको आन्दोलन र बलिदानीपछि सम्भव भएको संघीय लोकतान्त्रिक गणतन्त्रलाई रक्षा गर्नैपर्छ, चाहे जसले जस्तो दुष्प्रचार गरे पनि,' उनले भनेका छन् ।

रास्वपाका नेता शिशिर खनालले संविधान संशोधन जनताका प्रतिनिधिबाट हुनुपर्ने सुझाव दिएका छन् ।

उनले भने, 'संविधानमा केही परिवर्तन आवश्यक छन् तर जननिर्वाचित संविधानसभाले बनाएको संविधान जनताको प्रतिनिधिहरुले नै गर्ने प्रक्रियाबाट मात्र गर्ने अडान राखौं । लोकतन्त्रले त्यही भन्छ ।'

लाईफ केयर प्याथोलोजी अब विशेषज्ञ चिकित्सक समुहको साथमा विशेषज्ञ सेवा

लाईफ केयर प्याथोलोजी द्वारा विशेषज्ञ चिकित्सक समुह को साथमा विशेषज्ञ सेवाका साथ लाईफ केयर क्लिनिक खुलेकै जानकारी गराउँदछौं ।

डा. केशव भट्ट
MBBS, MS Orthopedics
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. शक्ति नृसिंह यादव
MBBS, MD (Pediatric)
वरिष्ठ नवजात तथा बालरोग विशेषज्ञ

डा. प्रशान्त भट्ट
MBBS, MS (ENT)
नाक, कान, घाटी तथा थाइरोइड रोग विशेषज्ञ

डा. शोमनाथ भण्डारी
MBBS, MD/MS (Obs,Gyne)
वरिष्ठ महिला तथा प्रशुति रोग विशेषज्ञ

डा. निर्मल अमर सिंह थापा
MBBS, MS (General Surgeon)
हाइड्रोशिल, हर्निया, बावाशिर, पेट रोग विशेषज्ञ

लाईफ केयर क्लिनिक
099-590232, 9828052023, 9858650360, 9848723066 /lifecarepath

सुदुरपश्चिम विश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्र संकाय
डीनको कार्यालय

स्नातक तहको प्रवेश परीक्षा र भर्ना सम्बन्धि सूचना।

मिति: २०८२/०४/२१

सुदूरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातक तह तर्फ Bachelor of Arts (BA) र Bachelor of Computer Application (BCA) शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२/०८३ का लागि विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र केन्द्रीय विभाग र तोकिएका शैक्षिक कार्यक्रमको स्वीकृति प्राप्त विश्वविद्यालयका आंगिक क्याम्पसहरुमा नयाँ विद्यार्थी भर्नाका लागि निम्नानुसारको भर्ना कार्यक्रम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| शैक्षिक कार्यक्रम | BA | BCA |
|---|---|---|
| प्रवेश परीक्षा फाराम वितरण | २०८२ श्रावण २१ गतेदेखि | २०८२ श्रावण २१ गतेदेखि |
| प्रवेश परीक्षा फाराम बुझाउने अन्तिम मिति | २०८२ भाद्र ३१ गतेसम्म | २०८२ भाद्र २७ गतेसम्म |
| प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय | २०८२ असोज २ गते विहान ११:३० बजेदेखि | २०८२ भाद्र ३० गते विहान ११:३० बजेदेखि |
| प्रवेश परीक्षा आवेदन शुल्क | रु. १०००।- | रु. १५००।- |
| प्रवेश परीक्षाको नतिजा प्रकाशन | २०८२ असोज ३ गते | २०८२ असोज १ गते |
| भर्ना अवधि | BCA शैक्षिक कार्यक्रमको हकमा प्रवेश परीक्षाको नतिजामा उल्लेख भए अनुसार र BA शैक्षिक कार्यक्रमको हकमा २०८२ कार्तिक १६ गतेसम्म | |
| अभिमुखीकरण कार्यक्रम | २०८२ कार्तिक १२ गतेदेखि १६ गतेसम्म सम्बन्धित विभाग क्याम्पसले तोकेको मितिमा | |
| कक्षा सञ्चालन | २०८२ कार्तिक १७ गतेदेखि | |
| भर्नाका लागि न्यूनतम शैक्षिक योग्यता | BCA शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा D ग्रेड सहित न्यूनतम १.८ CGPA प्राप्त गरेको (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पूर्वको नतिजा अनुसार C ग्रेड सहित न्यूनतम २ CGPA प्राप्त गरेको), प्रविणता प्रमाणपत्र तहको हकमा न्यूनतम द्वितीय श्रेणीको अंक प्राप्त गरेको । BA शैक्षिक कार्यक्रमका लागि कक्षा १२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । | |

पुनश्च : कक्षा १२ को पुरक परीक्षामा सहभागी हुने विद्यार्थीहरू समेत भर्नाको समयमा न्युनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा BA शैक्षिक कार्यक्रम अन्तर्गत प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् । थप जानकारीका लागि मानविकी तथा सामाजिकशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर/विश्वविद्यालयका आंगिक क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ ।

प्रा. डा. राजेन्द्र प्रसाद भट्ट
डीन

# सुशीला कार्कीलाई सिंहदरबार 'छिराउने' संवैधानिक ढोका

**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, २६ भदौ**

१२ वर्षअघि चैत, २०६९ मा दोस्रो संविधानसभाको निर्वाचन गराउन चुनावी सरकारको नेतृत्व गरेका तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीलाई आलोचकहरूले 'पर्खाल चढेर सिंहदरबार छिरेका प्रधानन्यायाधीश' भनी व्यंग्य गर्ने गर्थे ।

तत्कालिन परिवेशमा असंवैधानिक देखिएपनि रेग्मीले निकै शान्तिपूर्वक निर्वाचन गराएर राजनीतिक दलहरूलाई सत्ता हस्तान्तरण गरे, अनि सर्वोच्च अदालत नफर्की दुवै पदबाट राजीनामा दिए ।

सर्वोच्च अदालतबाट सिंहदरबार छिर्ने खिलराजको निर्णय गैरसंवैधानिक भएको भनी संवैधानिक इजलासबाट फरक राय व्यक्त गर्ने तत्कालीन न्यायाधीश सुशीला कार्की त्यसको झण्डै एक दशकपछि सत्ताको बागडोर सम्हाल्ने अवस्थामा पुगेकी छन् ।

कुनै नाटकीय घटनाक्रम भएन र राजनीतिले नयाँ मोड लिएन भने उनैले अन्तरिम सरकारको नेतृत्व गर्नेछिन् । सैनिक मुख्यालय जंगीअड्डामा प्रधानसेनापतिको समन्वयमा आन्दोलनरत जेन-जीका प्रतिनिधिहरूबीच भएको छलफलले कार्कीलाई प्रधानमन्त्री (वा मन्त्रिपरिषद्को अध्यक्ष) बनाउने करिब करिब तय भएको हो ।

यद्यपि प्रधानसेनापतिसँग संवादमा रहेका कानुन व्यवसायीहरूले भने राष्ट्रपतिलाई मन्त्रिपरिषद् अध्यक्ष बनाएर कार्कीलाई उपाध्यक्ष बनाउन सुझाव दिएका छन् । कार्कीले कार्यकारी अधिकार प्रयोग गर्नेगरी मन्त्रिपरिषद् उपाध्यक्ष बस्नुपर्ने, वा क्याबिनेटको वरिष्ठतम् सदस्य रहेर कार्यकारी अधिकार प्रयोग गर्ने प्रबन्ध गराउन सुझाव दिएका छन् ।

त्यसोगर्दा उनीहरूले धारा ७८ बाट मन्त्रिपरिषद्की उपाध्यक्ष वा वरिष्ठ सदस्य बनाउन बाधा नहुने, कार्यकारी अधिकार भने उनैलाई प्रयोग गर्ने सुविधा हुने सुझाव दिएको छ । धारा ७८ ले संघीय संसद सदस्य नभएको व्यक्ति समेत ६ महिनासम्म मन्त्री बन्न पाउने व्यवस्था छ ।

अहिले ६ महिनाभित्र चुनावमार्फत् ताजा जनादेश लिने मार्गचित्रको कल्पना गरिएको हुँदा पनि कार्कीले स्वीकार गर्नु उचित हुने उनीहरूले सुझाव दिएका छन् । केही कानुन व्यवसायी जंगी अड्डामै पुगेर प्रधानसेनापति अशोक सिग्देललाई यो विकल्पबारे बताइरहेका छन् । कतिपयसँग भने सिग्देलले फोनबाट परामर्श गरेका छन् ।

संविधानको धारा ७६ ले गैरसांसद त परको कुरा, राष्ट्रिय सभाको सदस्यलाई समेत सांसद बन्ने छुट दिँदैन । अर्कोतर्फ, संविधानको धारा १३२ (२) ले पनि कार्कीलाई आगामी सरकारको नेतृत्व गर्न सहज हुनेछैन ।

मुलुकको विषम राजनीतिक परिस्थितिलाई निकास दिन भन्दै नेपाली सेना र आन्दोलनरत पक्षको साथमा कार्कीलाई सिंहदरबार जान जति राजनीतिक रुपमा सहज छ, संवैधानिक रुपमा भने अनुकूल देखिँदैन । सरकारको नेतृत्व गर्ने मनस्थिति बनाइसकेकी कार्की समेत संवैधानिक अन्योलमा छिन् । मुलभूत रुपमा संविधानमा भएका दुई व्यवस्थाले उनलाई अन्तरिम सरकारको नेतृत्व गरेर अघि बढ्न सहज हुनेछैन ।

नेपालको संविधानको धारा ७६ ले प्रतिनिधिसभाको सदस्य मात्रै मुलुकको कार्यकारिणी अधिकार सहितको प्रधानमन्त्री हुने परिकल्पना छ । संविधानको धारा ७६ मा भनिएको छ, 'राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुनेछ ।'

संविधानको धारा ७६ ले गैरसांसद त परको कुरा, राष्ट्रिय सभाको सदस्यलाई समेत सांसद बन्ने छुट दिँदैन । अर्कोतर्फ, संविधानको धारा १३२ (२) ले पनि कार्कीलाई आगामी सरकारको नेतृत्व गर्न सहज हुनेछैन ।

धारा १३२ (२) मा 'प्रधानन्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीश भइसकेको व्यक्ति यस संविधानमा अन्यथा उल्लेख भएकोमा बाहेक कुनै पनि सरकारी पदमा नियुक्तिका लागि ग्राह्य हुने छैन' भन्ने व्यवस्था छ । धारा ७६ र १३२ को व्यवस्थाले कार्कीलाई प्रधानमन्त्री बन्न सहज हुने देखिँदैन ।

काठमाडौंमा प्रदर्शन गर्न कठिनाई भए तुलनात्मक रुपमा सहज हुने ठाँउमा संविधान संरक्षणको एजेण्डासहित अघि बढ्ने योजना रहेको बारका एक पदाधिकारीले बताए । कानून व्यवसायीहरूको छाता संगठन नेपाल बार एसोसिएसनका अध्यक्ष डा. विजय मिश्र अहिलेको अवस्थामा संविधानले नचिन्ने व्यक्ति प्रधानमन्त्री बन्न कठिन हुने बताउँछन् ।

'अहिलेको अवस्थामा प्रतिनिधिसभा सदस्य बाहेकका व्यक्ति प्रधानमन्त्री बन्ने सम्भावना रहँदैन,' मिश्र भन्छन्, 'बरु अहिलेको संसदलाई सक्रिय बनाएर संविधान संशोधनमार्फत राजनीतिक निकास दिने विकल्प हुनसक्छ ।'

नेपाल बारले संविधानले नचिन्ने व्यक्तिलाई मुलुकको शासकीय नेतृत्व दिन खोजिएको भन्दै शुक्रबार सांकेतिक प्रदर्शनको तयारी समेत छ । काठमाडौंमा प्रदर्शन गर्न कठिनाई भए तुलनात्मक रुपमा सहज हुने ठाँउमा संविधान संरक्षणको एजेण्डासहित अघि बढ्ने योजना रहेको बारका एक पदाधिकारीले बताए ।

विकसित भइरहेको पछिल्लो राजनीतिक घटनाक्रमसँग जोडिएका एक कानून व्यवसायीका अनुसार, सुशीला कार्कीले मुलुकको शासकीय बागडोर सम्हाल्ने अवस्था भएमा मुलुक संविधानको लिकबाट बाहिर गएर 'आवश्यकताको सिद्धान्त' अनुसार अघि बढ्नेछ ।

आवश्यकताको सिद्धान्त त्यही सिद्धान्त हो, जसका आधारमा तत्कालीन प्रधानन्यायाधीश कल्याण श्रेष्ठ र न्यायाधीश सुशिला कार्कीसँग फरक मत राखेर सर्वोच्च अदालतको संवैधानिक इजलासका तीन

---

कुखुरा तथा मानिसमा लाग्ने बर्ड फ्लु (Avian Influenza–H1N1)

## रोग सम्बन्धि अत्यन्त जरुरी सूचना

छिमेकी राष्ट्र भारतका सिमावर्ती जिल्लाहरु उधमसिंह नगर र बागेश्वरमा उच्च संक्रमण जोखिम भएको बर्ड फ्लु रोग फैलिएको भन्ने भारतिय सञ्चार माध्यमबाट जानकारीमा आएकोले कञ्चनपुर जिल्लाका पन्छीपालक कृषकहरुले उच्च सतर्कता अपनाउनु हुन हार्दिक अनुरोध छ ।

**बर्ड फ्लु रोगका लक्षणहरु:**
- अत्याधिक धेरै संख्यामा कुखुराहरु मर्ने ।, - कुखुराको आँखा घाँटी वरिपरी सुन्निनु , - आँखा र नाकबाट पानी चुहिनु , - सिउर लोती र खुट्टा निलो हुनु ।, - श्वासप्रश्वासमा समस्या घाँटी घ्यार घ्यार गर्नु ।, - झोक्राउने दानापानी नखाने र अण्डा उत्पादन घट्ने ।

माथि उल्लेखित लक्षणहरु देखा परेमा यथासिघ्र आफ्नो गाउँपालिका/नगरपालिकाको पशुपन्छी शाखामा वा यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउनु हुन अनुरोध छ ।

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
**कञ्चनपुर**

आनंद हॉस्पिटल एंड रिसर्च सेंटर
सी एस डी कैंटीन के सामने, खटीमा
डॉ. योगेश नागेंदर
M.B.B.S., MD, DM (Cardiology)
वरिष्ठ हृदय रोग विशेषज्ञ 14 वर्षों का अनुभव
एंजियोग्राफी
पेसमेटर
एंजियोप्लास्टी
विशेष ओ.पी.डी. माह के प्रथम 3 गुरुवार
समय-दिन 2 से सायं 5 बजे)
BOOK AN APPOINTMENT Mob. 9675533333
Ujala Cygnus
सेंट्रल हॉस्पिटल हल्द्वानी

आनंद हॉस्पिटल एंड रिसर्च सेंटर
सी एस डी कैंटीन के सामने, खटीमा
डॉ. गणेश बी. एल.
M.Ch. (Neurosurgery) (DELHI AIIMS)
वरिष्ठ न्यूरो रोग विशेषज्ञ (8 वर्षों का अनुभव)
क्या आपको सिर, गर्दन एवं कमर में दर्द है ?
खटीमा के पहले एंडोवैस्कुलर ब्रेन एवं स्पाईन रोग विशेषज्ञ
विशेष ओ.पी.डी. माह के प्रथम 3 गुरुवार
समय-दिन 2 से सायं 5 बजे)
BOOK AN APPOINTMENT Mob. 9675533333
Ujala Cygnus
सेंट्रल हॉस्पिटल हल्द्वानी

आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

डा. भावेश
M.B.B.S.,M.D.(Medicine)
Physician Fellowship in
Echocardiology Fellowship in
Diabetes & Endrocrinologyu, (जनरल मेडिसिन) हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ
प्रत्येक दिन

डा. कुलदिप
MBBS, MS (Surgery)
(जनरल एवं ल्याप्रोस्कोपि सर्जन)
प्रत्येक दिन




आनन्द चिल्ड्रन हॉस्पिटल
सी.एस.डी. कैंटीन के सामने, सितारगंज रोड, खटीमा
बाल रोग विशेषज्ञ
डा. रेनुका यादव
MBBS, MD (Paediatric)
• कम वजन, अपरिपक्व शिशु, अत्याधुनिक नर्सरी तथा बच्चों की भर्ती सुविधा।
• अमेरिकन एसोसिएशन ऑफ पीडिया द्वारा स्वीकृत टीकाकरण की सुविधा।
• एन.आई.सी.यू, पी.आई.सी.यू. तथा मरीजों के उचित देखभाल व भर्ती की सुविधा।
• मिर्गी के दौरे, दिमागी कमजोरी, पक्षाघात, अस्थमा, पुराना निमोनिया, पेट और जिगर के सभी रोग, दिल में छेद, मोटापा और वजन न बढ़ना, कुपोषण, शुगर और थायराइड इत्यादि बीमारियों का ईलाज
आयुष्मान कार्ड, गोल्डन कार्ड, TPA, ESIC (राज्य कर्मचारी बीमा योजना) व पैरामिलिट्री फोर्स के कार्डधारकों हेतु कैशलेस (निःशुल्क) उपचार व सभी तरह के ऑपरेशन की सुविधा उपलब्ध है।
Cont.: 05943-250400, 252700, 9675533333, 9410340585
24 घण्टे

डा. अभिनव कुमार कटियार
M.B.B.S., D.D.V.L
( डर्मोटोलोजी)
छाला, ररौं, नङ, मुहासे, झाईया, सेतो दाग, कन्सलटेन्ट डर्मेटोलोजिष्ट एण्ड ट्राइकोलोजिष्ट रौं ट्रान्सप्लान्ट सर्जन एवं चर्म रोग, कुष्ठ एवं गुप्त रोग विशेषज्ञ
प्रत्येक मंगलबार

डा. योगेश नागेंदर
MBBS, MD,DM (Cardiology)
(वरिष्ठ हृदय रोग विशेषज्ञ, १४ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको तेस्रो बिहीबार)

डा. गणेश बी. एल.
M.Ch (Neurosurgery)DELHI AIIMS (वरिष्ठ न्युरो रोग विशेषज्ञ, ८ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो बिहीबार)

चौबिसै घण्टा इमरजेन्सी सुविधा

सुविधाहरु: I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर, बाईपेप,सी.पेप,भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि।
आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।
लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रूपैया पनि स्वीकार गरिन्छ ।
सम्पर्क स्थान: आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टर
सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५

# सर्वोच्चमा आइतबारदेखि नियमित र बन्दीका मुद्दा सुनुवाइ सुरु हुने



–पश्चिम नेपाल संवाददाता
काठमाण्डौं, २६ भदौ

सर्वोच्च अदालतले आइतबार २९ भदौदेखि बन्दी प्रत्यक्षीकरणसहित अन्य नियमित सुनुवाइ सुरु गर्ने भएको छ ।

बिहीबारको आकस्मिक फूलकोर्टले आइतबारदेखि बन्दी प्रत्यक्षीकरणका निवेदनको दर्ता तथा नियमित सुनुवाइ कार्य प्रारम्भ गर्ने निर्णय गरेको प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

'आगजनी र नष्ट हुनबाट जोगिएका जनताको सम्पत्तिको रूपमा रहेका अदालतका मिसिल कागजातहरू र भौतिक स्रोत साधनको संरक्षणमा खट्नु हुने न्यायाधीशहरू, कर्मचारीहरू, कानुन व्यवसायीहरू, कानुनका विद्यार्थीहरू, सुरक्षाकर्मीहरू एवं सर्वसाधारण नागरिकहरूप्रति हार्दिक धन्यवाद प्रकट गर्दछौँ,' राउतले भनेका छन् ।

२३ र २४ गते भएको घटनाका क्रममा मृत्युवरण गर्न पुगेका नेपाली नागरिकप्रति गहिरो दुःख व्यक्त गर्दै उनले घटनाका क्रममा घाइते भएका सम्पूर्ण नेपाली नागरिकको शीघ्र स्वास्थ्य लाभको कामना गरे । 'सर्वोच्च अदालतलगायत देशका अन्य अदालतहरूमा भएको आगजनी, ढुंगामुढा, तोडफोड, लुटपाटबाट अदालतका भवनहरूमा पुग्न गएको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दछौँ,' राउतको विज्ञप्तिमा भनिएको छ, 'नागरिकहरूको आस्थाको केन्द्रको रूपमा रहेको अदालतहरूमा भएको आगजनी तथा विध्वंसात्मक आक्रमणले नागरिकहरूका महत्त्वपूर्ण दस्तावेजहरु, अदालतमा रहेका उपकरणहरू, सवारी साधन लगायतमा अकल्पनीय क्षति पुग्न गएको छ ।' नेपालको न्यायिक इतिहासका महत्त्वपूर्ण दस्तावेजहरु करिब-करिब नष्ट हुन गएको विज्ञप्तिमा उल्लेख छ ।

'यस्तो विषम परिस्थितिमा पनि नेपालको संविधानले न्यायपालिकालाई सुम्पेको दायित्व निर्वाह गर्दै जनतामा निहित सार्वभौमसत्ता, संविधानवाद, विधिको शासन र मौलिक हकको प्रत्याभूति तथा न्याय प्राप्त गर्ने नागरिकको अक्षुण्ण हकप्रति सम्मान गर्दछौं,' विज्ञप्तिमा भनिएको छ, 'जे जस्तो अवस्था र परिस्थिति भए पनि न्यायको मार्गमा अविचलित र दृढ रहँदै आम नागरिकहरूका न्यायप्रतिको अपेक्षालाई सम्बोधन गर्न यथाशीघ्र अदालतहरू सञ्चालनमा ल्याउने प्रतिबद्धता व्यक्त गर्दछौं ।'

## सुशीला कार्कीलाई सिंहदरबार 'छिराउने'...

न्यायाधीशले खिलराज रेग्मीको सिंहदरबार प्रवेशलाई अनुमोदन गरेका थिए ।

कार्कीले शासकीय बागडोर सम्हालेमा संघीय संसद् कुन अवस्थामा रहने र कसरी अघि बढ्ने भन्नेबारे अन्यौल छ । ओली सरकारको पालामा नियुक्त संवैधानिक पदाधिकारीहरूलाई पदमुक्त गर्नेमा आन्दोलनकारी जेन-जीहरू करिब एकमत छन्, तर त्यसको मोडालिटी भने तय भएको छैन । ती कानून व्यवसायीका अनुसार, कार्की नेतृत्वको सरकारमा सबैजसो गैरदलिय प्रतिनिधि सहभागी हुनेछन् । छलफलका क्रममा हालको प्रदेश र स्थानीय तहको संरचनालाई केही नगर्ने सहमति भएको छ ।

बरु सरकार गठन भएलगत्तै जेन-जी आन्दोलनमा भएको बल प्रयोग र भोलिपल्टको भौतिक क्षतिबारे जाँचबुझ गर्न उच्चस्तरीय न्यायिक आयोग बन्नेछ । छलफलमा सहभागी एक प्रतिनिधि भन्छन्, 'त्यसबाहेक भ्रष्टाचारको अनुसन्धान सम्बन्धी कुनै उच्चस्तरीय संयन्त्र बनेमा आश्चर्य हुनेछैन ।' जेनजी प्रतिनिधिहरूले पनि संवैधानिक प्रबन्धका पक्षमा बोलिरहेको हुनाले जंगी अड्डा, विभिन्न पक्ष, कांग्रेस, एमालेलगायतका दल, अनि नागरिक समाजलाई यसबारे सोच्ने अनुकूलता प्राप्त छ । तर संविधानको खास धारा र त्यसको व्याख्या गर्ने विषयमा भने उनीहरूबीच अन्योल र मतभेद छ ।


कुखुरा तथा मानिसमा लाग्ने बर्ड फ्लु (Avian Influenza–H1N1)

**रोग सम्बन्धि अत्यन्त जरुरी सूचना**

छिमेकी राष्ट्र भारतका सिमावर्ती जिल्लाहरु उधमसिाह नगर र बागेश्वरमा उच्च संक्रमण जोखिम भएको बर्ड फ्लु रोग फैलिएको भन्ने भारतिय सञ्चार माध्यमबाट जानकारीमा आएकोले कञ्चनपुर जिल्लाका पन्छीपालक कृषकहरुले उच्च सतर्कता अपनाउनु हुन हार्दिक अनुरोध छ ।

**बर्ड फ्लु रोगका लक्षणहरू:**
– अत्याधिक धेरै संख्यामा कुखुराहरु मर्ने । – कुखुराको आँखा घाँटी वरिपरी सुन्निनु – आँखा र नाकबाट पानी चुहिनु – सिउर लोती र खुट्टा निलो हुनु । – श्वासप्रश्वासमा समस्या घाँटी घ्यार घ्यार गर्नु । – झोक्राउने दानापानी नखाने र अण्डा उत्पादन घट्ने ।
माथि उल्लेखित लक्षणहरु देखा परेमा यथासिघ्र आफ्नो गाउँपालिका/नगरपालिकाको पशुपन्छी शाखामा वा यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउनु हुन अनुरोध छ ।

सुदुरपश्चिम प्रदेश सरकार भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**
दिपायल,डोटी



**छानको बालुवा र गिट्टी चाहिएमा ।**



यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं । साथै एकपटक सेवाको मौका दिनुहोस ।
हाम्रा उत्पादनहरु
बेश 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural
**सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग**
वेदकोट-९, सुन्दरपुर, कञ्चनपुर
सम्पर्क नं. ९८५११४०६३६, ९८५१०१८०७८, ९८५८७५००९८, ९८४८८७८६७७



**रमाईलो®**
तपाईंको स्वास्थ्यको साथी
**मैदा**
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011


**पशु क्वारेन्टाइन कार्यालय**
**गड्डाचौकी कञ्चनपुर**

**सूचना ! सूचना !! सूचना !!!**

हालै छिमेकी देश भारतको उत्तराखण्ड प्रदेशको यु.एस. नगर र बागेश्वर जिल्लामा Avian Influenza H5N1 ( Highly Pathogenic Avian infulenza ) ) बर्ड फ्लु देखिएको भनी विभिन्न भारतीय सञ्चार माध्यमबाट प्रकाशित भएको र सो स्थान संकटग्रस्त क्षेत्र घोषणा गरि सकेको र उक्त स्थान नेपालको कैलाली र कञ्चनपुर जिल्लाको सीमा क्षेत्रबाट नजिकै पर्ने हुादा उक्त रोग पन्छीहरुको अति संक्रामक रोथ तथा मानिसमा समेत सर्ने हुँदा उल्लेखित कार्यहरु गर्न गराउन हुन अनुरोध छ ।

**तपशिल**
- स्रोत नखुलेको जिउँदो कुखुरा, चल्ला, मासु, अण्डा अथवा पंक्षीजन्य कुनै पनि वस्तु र ती वस्तुलाई ओसारपसार गरिने विभिन्न माध्यम क्रेट, केज, सवारी साधन आदिलाई पूर्ण निषेध गर्ने गराउने
-त्यस्ता निषेधित पन्छी/पन्छीजन्य उत्पादन तथा अन्य संक्रमित वस्तुलाई नेपालमा बिक्री वितरण नगर्ने/नगराउने
– सम्पूर्ण किसानले आ(आफ्नो फार्ममा आवतवतलाई निषेध गरी जैविक सुरक्षाका विधिलाई कडाईका साथ पालना गर्ने/गराउने
– पंक्षीमा देखिने बर्ड फ्लु रोगका लक्षणहरु जस्तै अत्यधिक मृत्युदर, श्वासप्रश्वासमा समस्या, आाखा नाकबाट पानी जस्तो पदार्थ, सिउर, लोती, खुट्टा निलो रङ्गको हुने जस्ता रोग लागेको लक्षण देखा परेमा वा शंका लागेमा नजिकको पशु सेवा शाखा, पशु सेवा विज्ञ केन्द्र, पशु क्वारेन्टाइन कार्यालय र पशुपंछी रोग अन्वेषण प्रयोगशाला वा तल उल्लेखित नम्बरमा सिधै सम्पर्क गर्न हुन अनुर ोध छ ।

**पुश क्वारेन्टाइन कार्यालय, गड्डाचौकी**
पशु चिकित्सक डा. सजना बम्रेल सम्पर्क नं. ९८५८७७७१३२
इमेल : animalquarentinekanchanpur @gmail.com
**पशुपन्छी रोग अन्वेषण प्रयोगशाला धनगढी, कैलाली**
पुश चिकित्सक डा. विशाल चन्द्र सम्पर्क नं. ९८६८५६६०५८, ०९१-५२२१८२
इमेल : rvldhn@gmail.com

**सुदुरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पस व्यवस्थापन विभागको प्रवेश परीक्षा सम्बन्धी सुचना**

मिति : २०८२/०५/१८

सुदुरपश्चिम विश्वविद्यालयको केंद्रीय क्याम्पस व्यवस्थापन केन्द्रीय विभागमा स्नातक तहका (BBA , BHM र BBS) शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२/०८३ मा नयाँ विद्यार्थी भर्नाका लागि सञ्चालन हुने प्रवेश परीक्षाको कार्यक्रम निम्नानुसार रहेको सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| शैक्षिक कार्यक्रम | आवेदन फाराम वितरण | आवेदन फाराम बुझाउने अन्तिम मिति | प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय |
|---|---|---|---|
| BBA | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २५ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ८:00 बजे |
| BHM | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २७ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ११:00 बजे |
| BBS | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २७ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ११:00 बजे |
| भर्नाका लागि न्युनतम शैक्षिक योग्यता | BBA र BHM शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा कम्तीमा D ग्रेड सहित न्युनतम 1.8 CGPA प्राप्त गरेको । (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पुर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा कम्तीमा D+ ग्रेड सहित न्युनतम 1.8 CGPA ल्याएको),प्रविणता प्रमाणपत्र तहको हकमा न्युनतम द्धितीय श्रेणीको अंक प्राप्त गरेको र BBS शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा न्युनतम D ग्रेड ल्याएको (राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पुर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा न्युनतम D+ ग्रेड ल्याएको) वा न्युनतम द्धितीय श्रेणीमा प्रविणता प्रमाण पत्र तह उतीर्ण गरेको हुनुपर्ने छ । | | |
| प्रश्नपत्रको सरचना | १०० पूर्णाङ्क, समय : १ घण्टा ३० मिनेट र Verbal Ability,Quantitative Ability, General Awareness, Logical Reasoning,Business and Economics सम्बन्धी १०० वटा वस्तुगत प्रश्नहरु । | | |

नोट : BBA र BHM का हकमा रु. १५०० र BBS का हकमा रु ५०० प्रवेश परीक्षा शुल्क नेपाल बैंक लि मा रहेको यस विभागको खा.नं. 15600106688945000001 मा जम्मा गर्नुपर्ने छ । कक्षा १२ को परीक्षाको नतिजाको प्रतिक्षामा रहेका विद्यार्थीहरु समेत भर्नाको समयमा न्युनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् । प्रवेश परीक्षा र भर्ना सम्बन्धी थप जानकारीको लागि व्यवस्थापन केन्द्रीय विभाग महेन्द्रनगरमा सम्पर्क गर्न सकिनेछ ।

............................
विभागीय प्रमुख
व्यवस्थापन केन्द्रीय विभाग
सु.प.वि. महेन्द्रनगर

मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७